


FACTSHEET
No . 04 June 2023

कृषकको लागी तथ्य पत्र
नं. ०४ असार २०८०


# प्याज बालीको प्याजी डढुवा रोग

## परिचय :

प्याजमा लाग्ने विभिन्न रोगहरु मध्ये प्याजी डढुवा रोग सबैभन्दा महत्वपूर्ण रोग हो । यो रोग *Alternaria porri* नामक ढुसीको कारण लाग्ने गर्दछ । यो रोगका कारण गानो तथा बीउ उत्पादनमा ठूलो नोक्सानी हुने गरेको छ । प्याज लगाइने सबै क्षेत्रहरुमा यस रोगले आक्रमण गर्ने गरेको पाइएको छ ।

## प्रमुख लक्षणहरु

» सबभन्दा पहिले यसको लक्षण नरम पातको टुप्पोमा साना लाम्चिला पानीले भिजेको जस्ता थोप्लाहरु देखिन्छन् र छिटै नै थोप्लाहरु बिच भागमा सेतो दागहरु पनि देखिन्छन् । विस्तारै यी थोप्लाहरु पातदेखि तलतिरका भागहरुमा पनि फैलिंदै जान्छन् (चित्र नं १) ।


» यी थोप्लाहरु मिसिएर ठूला धब्बाहरु बन्दछन् जसको वरीपरी पहेंलो घेरा देखिन्छ (चित्र नं २) ।

» रोग छिप्पिदैं जांदा पात र डांठहरु घुमाउरो परेका देखिन्छन् । पछि पातहरु जम्मै डढेर सकिन्छन् (चित्र नं ३) ।

» गानोमा पनि रोग फैलिंदै जान्छ । गानोबाट चारैतिर रातो पहेंलो पानी निस्किन्छ र सड्न थाल्दछ, रोगी बोटहरुमा फुल फुल्दैन (चित्र नं ४) ।



चित्र नं. १: प्याजको पातमा देखिएको लक्षण
श्रोत: https://apps.extension.umn.edu



चित्र नं. १: प्याजको डाँठमा प्याजी डढुवाको लक्षणहरु
श्रोत: http://www.ehinga.org

## श्रोत तथा फैलिने अवस्था

रोगी बीउ तथा संक्रमित पुराना बोटका अवशेषहरु यस रोगका प्रमुख स्रोतहरु हुन । खेतबारीमा हावा, सिंचाइको पानी तथा बर्षात्को पानीको माध्यमबाट रोगी बिरुवाबाट स्वस्थ बिरुवामा रोग फैलीने गर्दछ । २१°से देखि ३०°से तथा सापेक्षित आर्द्रता ८० देखि ९० प्रतिशत रहेको अवस्था यो रोगको लागी अनुकुल हुने गर्दछ । सेतो डढुवा (Stemphyllium Blight) सँगै संयुक्त संक्रमण भएको अवस्थामा यस रोगको प्रकोप अझै बढी भइ क्षति समेत अत्यधिक हुन सक्दछ ।

## व्यवस्थापनका उपायहरु

» २-३ वर्ष सम्मको घुम्ती बाली प्रणाली अपनाउने । बाली चक्रमा गानो बालीको सट्टा अन्नबाली, कोसेबाली वा काउली बालीहरु लगाउने ।

» पुराना घाँसपातका ठुटाहरु, झारपातहरु बटुलेर जलाउने ।

» रोग लागेका प्याजका गानाहरु भण्डारण नगर्ने ।

» पछौटे बालीमा यो रोग बढी लाग्ने भएकोले रोग छल्नको लागी बाली छिटो लगाउने ।

» थाइराम विषादी २ ग्राम प्रति किलो बीउका दरले मिसाएर बीउ उपचार गर्ने । कपर अक्सीक्लोराइड ५०% डब्लु.पी. वा क्लोरोथालोनिल ७५% डब्लु.पी. २ ग्राम वा टेबुकोनाजल २५.९% इसी वा ०.७५ मिलि वा डाईफेनोकोनाजोल २५% इसी १ मि.लि. प्रति लिटर पानीको दरले छर्ने ।



चित्र नं. ३: पातहरू घुमाउरो भई डढेको लक्षणहरू
श्रोत: https://ag.umass.edu



चित्र नं. ४: प्याजको गानोमा देखिएको लक्षण
श्रोत: https://gardener.fandom.com

नोट: जीवनाशक विषादीको पर्खनु पर्ने अवधिलाई मध्यनजर गरि सुरक्षात्मक उपायहरु अपनाएर मात्र विषादीको प्रयोग गरौं ।


तयारकर्ता:
पद्मराज कार्की
प्राविधिक सहायक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
केन्द्रीय कृषि प्रयोगशाला
हरिहरभवन, ललितपुर

सम्पादन:
राजिवदास राजभण्डारी
वरिष्ठ बाली संरक्षण अधिकृत

फोन नं.: ०१-५५५३७९१, E-mail: centralaglab.sspp@gmail.com, Website: www.centralaglab.gov.np